शंखरापुर नगरपालिकाद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १८ मितिः २०७८/०९/२५

स्वीकृत मितिः २०७८/०८/२२

## भाग–२

# पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि बीमा प्रिमियममा अनुदान कार्यविधि, २०७८

<u>प्रस्तावना</u>: पशुजन्य उत्पादनलाई मध्य नजर गरी शंखरापुरनगरपालिकामा पशुजन्य उत्पादन वृद्धिको लागी र युवाहरुलाई पशुपालन ब्यवसाय प्रति आकर्षण बढाउन नगरपालिकाले पशु बीमाको कार्यक्रमलाई अगाडि बढाउनको लागि पशु सेवा कार्यक्रम कार्यान्वयन नियमावली, २०७७ अनुसार नगरपालिकाद्धारा कृषकलाई बीमामा सहयोग गर्ने उदेश्यले यो कार्यबिधि तयार गरीएको हो ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**:(१) यस कार्यविधिको नाम **"पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि बीमा प्रिमियमअनुदान कार्यविधि, २०७८"**रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,यस कार्यविधिमा:-

(क) "कार्यक्रम" भन्नाले शंखरापुरनगरपालिकाको पशु बीमा प्रोत्साहनको लागि स्वीकृत बार्षिक कार्यक्रम संझनु पर्छ ।

(ख) "बीमक"भन्नाले सरकारी मान्यता प्राप्त बीमा कम्पनीलाई सम्झनु पर्छ।

(ग) "बीमित" भन्नाले बीमा गराउने व्यक्त्ति वा कृषि फर्म वा कृषक समिति वा कृषक सहकारीलाई सम्झनु पर्छ।

(घ) “पशुधन” भन्नाले घरपालुवा पशु, पंक्षी र माछालाई समेत सम्झनु पर्छ ।

(ङ) “आवेदक” भन्नाले पशुपन्छी बिमा अनुदान मागका लागी प्रस्ताब पेश गरेको योग्य आवेदकलाई सम्झनु पर्छ ।

(च) “स्थानीयजात” भन्नाले नेपालको रैथाने पशुपंक्षीलाई सम्झनु पर्छ ।

(छ) “उन्नत” भन्नाले नेपालको रैथाने वा स्थानिय जात बाहेकको पशुपंक्षीलाई सम्झनु पर्छ ।

(ज) “अन्य स्थान” भन्नाले शंखरापुर नगरपालिकाको क्षेत्र भन्दा बाहिरको स्थायी बासिन्दा भन्ने सम्झनु पर्छ ।

(झ) “कार्यालय” भन्नाले शंखरापुरनगरकार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(ञ) “समिति” भन्नाले पशु विकास समन्वय समितिलाई जनाउँछ ।

३. **उद्देश्यः**यस कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुनेछः-

(क) कृषकहरुले पालि राखेकापशुपन्छीहरुको बीमा मार्फत दुर्घटना जोखिम न्युनिकरण गर्ने ।

(ख) पशुपन्छीहरुको उत्पादकत्वमा बृद्धि गर्ने ।

(ग) युवा कृषकहरुलाई पशुपालन क्षेत्रमा आकर्षित गर्ने ।

(घ) समग्र शंखरापुर नगरपालिकालाई पशुपन्छी व्यवसायोन्मुख नगरपालिका निर्माण गर्नमा सहयोग पुर्याउने ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

४. **मुल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मुल्याङ्कन तथा स्वीकृतीका लागि तपसिल बमोजिमको पशु बिकास समन्वय समिति रहनेछः—

क) संयोजक, पशु विकास समन्वय समिति — संयोजक

ख) संयोजक, आर्थीक विकास समिति - सदस्य

ग) प्रमुख, कृषि बिकास उप-शाखा - सदस्य

घ) नगर सभा सदस्य मध्येबाट पशु विकास समन्वय समितिको संयोजकले तोकेको १ जना महिला - सदस्य

ङ) प्रमुख, पशुपंक्षी विकास उप-शाखा - सदस्य सचिव

**नोटः** समितिले आवस्यक ठानेमा बढीमा २ जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**५.** <u>**अनुगमन तथा मुल्याङ्कनः**</u> यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन आवस्यकता अनुसार पशुपंक्षी विकास उप-शाखा, पशुपंक्षी विकास समन्वय समिति र नगरपालिका स्तरीय अनुगमनतथा सुपरिवेक्षण समितिले गर्न सक्नेछन् ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन

**६.** <u>**पशु बीमाको लागी न्युनतम पशु संख्या :**</u> **यस** कार्यविधि अनुसार अनुदान लिन देहाय बमोजिमको मापदण्ड हुनुपर्नेछ ।

(१) पशुपन्छी क्षेत्र तर्फ देहाय बमोजिमको हुनुपर्नेछ :

| | |
|---|---|
| माउ गाई संख्या | – १ देखी ५ वटा सम्म (उन्नत जातको गाई) |
| माउ भैसीको संख्या | – १देखी ५ वटा सम्म(उन्नत जातको भैसी) |
| माउ बुंगुरको संख्या | – ३ वटा माउ |
| बाख्राको संख्या | – १देखी १० वटा सम्म |
| माछापोखरी | – २०० वर्ग मिटर |

**७.** <u>**सुरक्षण हुने पशुपंक्षीको अधिकतम बीमाङ्कको सीमा र उमेरः**</u> पशुधनको अधिकतम बीमाङ्क सिमा र उमेर प्रचलित ऐन तथा निर्देशिका बमोजिम हुनेछ ।

**८.** <u>**कार्यक्रम सञ्चालन हुने क्षेत्रः**</u>(१)यो कार्यक्रम शंखरापुरनगरपालिकाको ९ वटै वडाहरुमा लागु हुनेछ र नगरपालिका भन्दा बाहिरको कार्यक्षेत्रमा यो कार्यबिधि लागु हुने छैन् ।

(२) यो कार्यक्रम शंखरापुरनगरपालिकाको कार्यालयबाट संचालन गरिनेछ।

(३)अन्य स्थानबाट आएर शंखरापुरनगरपालिकाभित्र पशुपंक्षीपालन ब्यवसाय संचालन गरेका व्यवसायीहरुको हकमा पनि यो कार्यबिधि लागु हुनेछ ।

९. **<u>बीमा सेवा प्रदायककम्पनी छनौंट:</u>** पशुधन बीमाका लागी छनौटमा परेका कृषक/समूह/सहकारीहरुले काठमाण्डौं जिल्लालाई कार्यक्षेत्र तोकी कार्यरत कुनै पनी बीमा कम्पनीबाट बीमा गर्न सक्नेछन्।

१०. **प्रस्ताव आव्हान** : (१) कार्यालयले बीमा प्रिमियममा अनुदान कार्यक्रम संचालन गर्न योग्य आवेदकहरुबाट अनुसूची –१ बमोजिम प्रस्ताव आह्वान गर्नेछ।

२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार निजी व्यवसायी, समूह तथा सहकारीले अनुसूची–१ मा उल्लेखित कागजात सहित अनुसूची–२ वमोजिमको आवेदन पत्र रअनुसूची–३ अनुसारको प्रस्ताव पेश गर्नुपर्नेछ ।

३) बीमा प्रिमियममा अनुदान कार्यक्रमको लागी आवेदकले अनुसूची – ४ अनुसारको लागत साझेदारीकोप्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

११. **<u>प्रस्ताव छनौट तथा सम्झौताः</u> (१)** दफा ९ बमोजिमको प्रस्ताव आह्वान अनुसार प्राप्त प्रस्ताव हरुलाई स्थलगत अध्ययन पश्चात छनौट गरिनेछ ।

(२) छनौटमा परेका सम्वन्धित प्रस्तावकहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी गराउनु पर्नेछ ।

(३) छनौटमा नपरेका आवेदकहरुले दाबी बिरोध गर्नु गर्नुपर्ने भए सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र दावि बिरोध पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

(४) छनौटमा परेका आवेदकहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र अनुसूची–५ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(५) सम्झौता भए पश्चात विशेष कारण भन्दा बाहेकको परिस्थितिमा कम्तिमा २ वर्षसम्म व्यवसाय बन्द गर्न पाईने छैन ।

(६) प्रस्ताव छनौटको सम्पुर्ण अधिकार पशु विकास समन्वय समितिलाई रहनेछ ।

१२. **<u>प्रिमियम अनुदान भुक्तानी :</u>**

१. अनुदान रकम भुक्तानी माग गरेको निवेदन ।
२. पशु बीमा गरेको विमालेखको प्रतिलिपी (विमालेख नम्बर र विमित पशुको ट्याग नम्बर अनिवार्य रूपमा उल्लेख भएको फोटो सहित उपलव्ध हुनुपर्नेछ) ।
३. समुह/समिति/सहकारीको सिफारिस-पत्र।
४. सम्बन्धित पशु सेवा केन्द्र/सम्वन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

१३ **अनुगमन तथा निरीक्षण :** यस कार्यविधि बमोजिम बीमा गरिएका पशुपंक्षिको अनुगमन तथा निरीक्षण सम्बन्धित शाखा, पशु बिकास समन्वय समिति र नगर स्तरिय अनुगमन तथा सुपरिवेक्षणसमितिबाट आवश्यकता अनुसार गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

१४ **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरेमा कार्यपालिका बैठकबाटआवश्यकता अनुसार संशोधन गर्न सकिनेछ ।

१५ **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप कार्यक्रम नभए वा सम्झौता विपरित कार्य भए कार्यालयले प्रचलित कानून बमोजिम असूल उपर गर्ने प्रकृया अगाडी बढाउनुका साथै कार्यालयबाट प्रदान गरिने अन्य सुविधाहरु रोक्का गर्न सक्नेछ ।

१६ **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसुची (१)

(दफा १० संग सम्बन्धित )

## शंखरापुर नगरपालिकानगरकार्यपालिकाको कार्यालय,पशुविकासउप—शाखाको प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०.../.../...

शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,पशु विकास उप—शाखाको आ.व.२०...../...... को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु संचालनका लागि नगरपालिका अन्तर्गत रहेका व्यवसायिक पशुपालक कृषक/समुह/समिति/सहकारी/पशु फार्महरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले .............. औं दिन मिति २०...../..../.....) को कार्यालय समयभित्र तोकिएको ढाँचा अनुसार आवेदन दिन हुनका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सुचना द्धारा जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि नगरपालिकाको पशुपंक्षी विकास उप—शाखामा सम्पर्क राख्न सकिनेछ ।

**लागत साझेदारी तथा अनुदानमा संचालन गर्ने कार्यक्रमहरुः**

| सि.न. | कार्यक्रमहरु | संख्या | नरपालिकाको साझेदारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट टांस गरिएको आवेदन—पत्र,

२. आवेदकको नागरिकताकोप्रतिलिपि,

३. समुह/समिति/सहकारी/फर्म दर्ता सम्बन्धी कागजातका प्रतिलिपि,

४. समुह/समिति/सहकारी/फार्महरुको आवेदन पेश गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,

५. समुह/समिति/सहकारी/फर्म संचालकले सम्बन्धित विषयमा तालिमहरु लिएको भए तालिमअनुभव सम्बन्धि कागजातहरुको प्रतिलिपि,

६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र,

७. आन्तरिक राजश्व कार्यालयमा(PAN)दर्ता प्रमाण—पत्र प्रतिलिपि,

८. कर चुक्ता प्रमाण—पत्र प्रतिलिपि,

९. व्यावसायीक कार्ययोजना ।

अनुसुची-२

(दफा १० (२) संग सम्बन्धित )

**आवेदन—पत्र**

मितिः ...............

श्री ............................

..................................

**बिषयः अनुदान सहयोग उपलब्ध गराई पाउँबारे ।**

महोदय,

तहाँ शंखरापुर नगरपालिकानगरकार्यपालिकाको कार्यालय, पशुपंक्षी विकास उप—शाखाको मिति .......................... गतेको ..........................मा प्रकाशित सूचना अनुसार .................................................. कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन निम्नानुसार कागजात राखि यो प्रस्ताव पेश गरिएको छ । अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित वडा भित्रै रही गरीने व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरुः**

१. रु. १० कोटिकट टाँस गरिएको आवेदन—पत्र ।

२. नागरिकताको प्रतिलिपी ।

३. व्यवसाय दर्ता प्रमाण—पत्र प्रतिलिपी ।

४. आन्तरीक राजस्व कार्यालयमा (PAN)दर्ता प्रमाण—पत्र प्रतिलिपी ।

५. कर चुक्ता प्रमाण—पत्र प्रतिलिपी ।

६. समुह/समिति/सहकारीभए निर्णय प्रतिलिपी ।

७. सम्बन्धित वडा कार्यालयको शिफारिस पत्र ।

८. व्यावसायीक कार्ययोजना ।

निवेदक

दस्तखतः

मितिः

सम्पर्क नं

संस्थाको छापः

## अनुसुची — २

(दफा १०(२) संग सम्बन्धित)

## पशु बिमाकोलागि प्रस्ताव

**१.प्राविधिक प्रस्ताव ;**

| **क्र.स.** | **प्रस्तावित कार्यक्रमको नाम:** | |
|---|---|---|
| १ | आवेदकको नाम थर | |
| २ | स्थायी ठेगाना | |
| ३ | कार्यान्वयन हुने स्थान | |
| ४ | आवेदकको सम्पर्कनं. | |
| ५ | आवेदकको व्यवसाय दर्तानं. | |
| ६ | दर्ता भएको कार्यालय र मिति | |
| ७ | भ्याट/पान दर्ता नं. | |
| ८ | प्रस्तावित कार्यक्रमको उद्देश्य<br>१.<br>२.<br>३. | |
| ९ | **पशुको विवरणसंख्या:**<br>गाई<br>भैंसी<br>भेडा<br>बाख्रा<br>बंङ्गुर<br>माछा पोखरी | |
| १० | **बीमा गर्नुपर्ने पशुको विवरणसंख्या:**<br>गाई<br>भैंसी | |

| | | |
|---|---|---|
| | भेडा<br>बाख्रा<br>बंङ्गुर<br>माछा पोखरी | |
| ११ | प्रस्तावकले आफ्नो श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १२ | सम्बन्धित कार्यालयसँग अनुदान माग रकम रु. | |
| १३ | प्रस्तावित कार्यक्रमबाट लाभान्वित हुने जनसंख्या | |
| १४ | प्रस्तावित कार्यक्रममा सम्पन्न गरिने क्रियाकलापहरुको विवरण | |
| | १ | |
| | २ | |
| | ३ | |
| | ४ | |
| १५ | प्रस्तावित कार्यक्रममा आवेदकको तालिम तथा अनुभव | |
| | १ | |
| | २ | |
| | ३ | |
| १६ | अन्य केहि भए उल्लख गर्ने | |

२. आगामी कार्ययोजना :

(१)

(२)

## (२) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र. सं. | मुख्य क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | प्रस्तावकको योगदान रु. | अनुदानबाट व्यहोरिने रु. | कुल लागत रु. | प्रस्ताव कले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| | | | | **जम्मा रु.** | | | | |
| माथि उल्लेखित विवरण ठिक साँचो छ, झुठा ठहरेमा कानुन बमोजिम सँजाय भोग्न तयार छु/छौं । | | | | | | | | |

नोट: आवेदकको योगदानमा जग्गाको मुल्य र चालुखर्च समावेश गर्न पाईने छैन ।

निवेदक:

दस्तखतः

मितिः

सम्पर्क नं

संस्थाको छापः

अनुसुची ४

( दफा १० को उपदफा ३ संग सम्बन्धित)

**लागत साझेदारीको प्रतिवद्धता—पत्र**

मितिः ...............

श्री ............................

.......................................

.......................................

**बिषयः लागत साझेदारी प्रतिवद्धता सम्बन्धमा ।**

महोदय,

शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय पशुपंक्षी विकास उप—शाखा आ.व. ............... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति ............... गते ...............मा प्रकाशित सुचना अनुसार शंखरापुर नगरपालिका .....नं. वडा ............ गाँउ/टोल स्थायी ठेगाना भएको श्री ................................ले ........................................................................ कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसायीक योजना अनुसार अनुमानित कुल लागत रु..........को ....... प्रतिशतले हुन आउने रु.......... अक्षेरुपि .................. बराबरको लगानी आफनो आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु/गर्दछौं ।

| दायाँ | बायाँ |
|---|---|
| | |

निबेदक

दस्तखतः

मितिः

नाम थरः

पदः

संस्थाको छापः

अनुसुची ५

(दफा ११ को उपदफा ४ संग सम्बन्धित)

**<u>द्धिपक्षिय सम्झौता पत्र</u>**

शंखरापुरनगरपालिका नगरकार्यपालिकाको कार्यालय, पशुपंक्षी बिकास उप-शाखाको आ.व. .... को स्विकृत वार्षिक कार्यक्रम अनुसार पशुपंक्षी बीमा प्रिमियममा ...... प्रतिशत अनुदान कार्यक्रममा सहभागी हुने कृषक/समुह/सहकारीले उक्त कार्यक्रममा सहभागि हुन मिति ———————— गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये पशु बिकास समन्वय समितिको मिति ——————— को निर्णयानुसार शंखरापुर नगरपालिकाको कार्यालय पशुपंक्षी बिकास उप-शाखा ( प्रथम पक्ष भनिने ) र श्री ——————— (यस पछी दोश्रो पक्ष भनिने) वीच तपशिलको अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम संचालनको लागि लिखित सम्झौता गरि बुझिलियौं/दियौं ।

<u>तपशिल</u>

१. प्रथम पक्षले पशुपंक्षी बीमा प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यक्रम संचालनको लागि संलग्न बमोजिमको ............ पशुपन्छीको लागि बढीमा ... प्रतिशत ले हुने रकम रु ————— (अक्षेरेपी —————) अनुदान उपलब्ध गराईनेछ।

२. दोश्रो पक्षले प्रस्तावमा स्विकृत भए बमोजिमको पशुपंक्षीको बीमा नेपाल सरकारबाट मान्यता प्राप्त बीमा कम्पनी मार्फत गराउनु पर्नेछ।

३. प्रथमपक्षले सुचीकृत भएको बीमा कम्पनी बाट बीमा भए पश्चात कृषक/समुह/समिति/सहकारीहरुलाई स्विकृत भएको प्रस्ताव अनुसारको रकम सम्बन्धित शाखाको सिफारिसमा बीमा कम्पनी/ कृषक/ समुह/ समिति/ सहकारीहरुलाई नियमानुसार भुक्तानी दिईनेछ ।

४. दोश्रो पक्षले स्विकृत भएको प्रस्ताव बमोजिम बीमा गरिएका कागजातहरु बीमा भुक्तानी दाविका लागि १ महिना भित्र कार्यालयमा पेश गर्नु पर्नेछ।

५. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यक्रमको अनुगमन/निरिक्षण गरि सम्झौता बमोजिम भए/ नभएको तथा सल्लाह सुझाव सहित निर्देशन दिन सक्नेछ।

६. कार्यक्रम संचालनको दौरान वा संचालन भए पश्चात दिगोपनाकोलागि गरिने कार्यहरुमा अप्रत्याशित रुपमा सृजना हुने सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

७. दोश्रो पक्षले कार्यक्रम अधुरो छोडेमा वा दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन नियम बमोजिम अनुदान रकम रोक्का तथा सरकी बाँकी सरहअसुलउपर गरिनेछ।

८. कार्यक्रम संचालनको दौरानमा कुनै विषय हेरफेर वा परिवर्तन गर्नु परेमा आपसी सहमति अनुसार हुनेछ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

| <u>दोश्रो पक्ष</u> | <u>प्रथम पक्ष</u> |
|---|---|
| नाम : | नामः |
| ठेगानाः | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| संस्था : | कार्यालयको छापः |

रोहवर

| <u>संस्थाको तर्फबाट</u> | <u>लेखा शाखा</u> |
|---|---|
| नाम थर : | नाम थर : |
| ठेगाना : | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मितिः | मिति : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

**आज्ञाले,**
**लेखनाथ न्यौपाने**
**शंखरापुर नगरपालिकाको**
**प्रमुख प्रशासकीय अधिकृत**